तिलोत्तमा नगरपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही

# सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

**सूचना नं. ०४/०७[illegible](निर्माण)**

**प्रथम पटक प्रकाशित मिति २०७३।२।१४**

यस नगरपालिकाबाट तपसिलमा उल्लेखित सडक मर्मत कार्य दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

शर्तहरु :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ निर्माण ब्यबसायीले ब्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्रौं) दिन कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्र नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (सोह्रौ) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्ने कार्य गर्न बाधा पर्ने छैन । दरभाउपत्र खरीद, दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरीद, दाखिला र खोल्ने कार्य हुने छ ।

३. सिलबन्दी दरभाउपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैक भैरहवा मा रहेको हि.नं. ०४१४६०१०१४५५२०२८ (१०७४) धरौटी खाता मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ ।

४. दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ ।

५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

६. दरभाउपत्र मा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धित ब्यबसायीहरुबाट साइट निरिक्षण गरी आबश्यक जानकारी लिन सकिने छ ।

८. दरभाउपत्र को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर बाहेक) रु. | दरभाउपत्र जमानत रु. | दरभाउपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | १० /०७२/०७३ | कालोपत्रे मर्मत नयामिल तिनाउ | ४,४२,२८७।१० | १३००० | ३०० | सिलबन्दी दरभाउपत्र |
| २ | ११ /०७२/०७३ | कालोपत्रे मर्मत पश्चिम पहुने गोरकट्टा | ४,४१,८८६।३८ | १३००० | ३०० | सिलबन्दी दरभाउपत्र |
| ३ | १२ /०७२/०७३ | कालोपत्रे मर्मत करौजिया बिसौरीया | ४,४१,८८६।३८ | १३००० | ३०० | सिलबन्दी दरभाउपत्र |
| ४ | १३ /०७२/०७३ | कालोपत्रे मर्मत बिन्दुनगर टिकुलिगढ | ४,४१,८८६।३८ | १३००० | ३०० | सिलबन्दी दरभाउपत्र |
| ५ | १४ /०७२/०७३ | कालोपत्रे मर्मत प्रेमनगर प्यारामाउन्ट | ४,४१,८८६।३८ | १३००० | ३०० | सिलबन्दी दरभाउपत्र |

टीकाराम ज्ञवाली

कार्यकारी अधिकृत